# पत्रकारहरुका लागि सरकारले गरेको सामूहिक दुर्घटना बीमाबाट प्राप्त हुने सुविधा

बागमती प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, सञ्चार रजिष्ट्रारको कार्यालय बागमती प्रदेशबाट परिचयपत्र प्राप्त गरी नविकरण गरेका पत्रकारहरुका लागि गरिएको सामूहिक दुर्घटना बीमाबाट देहाय बमोजिमको सुविधा प्राप्त हुनेछ । बिमा ऐन २०४९ को दफा ८ को उपदफा (घ २) अनुसार र बिमा समितिले बनाएको दुर्घटना बिमा निर्देशिका २०७८ बमोजिम नेपाल सरकारको स्वामित्व प्राप्त राष्ट्रिय बिमा कम्पनी लिमिटेडसँग गरिएको छ ।

## दुर्घटनाका कारणले बीमितको मृत्यु भएमा

दुर्घटनाका कारणले बीमितको मृत्यु भएमा क्षतिपूर्ति स्वरुप बिमकले शतप्रतिशत अर्थात सात लाख रुपैया बीमाङ्क प्रदान हुनेछ । उक्त बिमकको उपचार गर्दा लागेको खर्च वापत एक लाख रुपैया थप प्राप्त हुनेछ । किरिया खर्च ५० हजार रुपैया र शवबहान खर्च १० हजार प्राप्त हुनेछ । दुर्घटनाका कारण कुनै बिमकको मृत्यु भएमा निजको परिवारले आठ लाख ६० हजार रुपैया प्राप्त गर्नेछ ।

## बिमक स्थायी पूर्ण अशक्त भएमा

दुर्घटना भएको ३६५ दिन भित्र बीमा गरिएको अवधिभित्र दुर्घटनाका कारणले बिमक स्थायी पूर्ण अशक्त भएमा शत प्रतिशत अर्थात सात लाख रुपैया बीमाङ्क प्रदान हुनेछ । पूर्ण अशक्त भन्नाले

(क)स्पाइनल इन्जुरीको कारण पुन ठीक नहुने गरी हड्डी काम नलाग्ने भएमा,

(ख) कुनै एउटा हातको नाडीदेखि माथि पूरै हात काम नलाग्ने भएमा,

(ग) कुनै एउटा खुट्टाको गोलीगाँठोदेखि माथि पूरै खुट्टा काम नलाग्ने भएमा,

(घ) दुवै आँखा पुन दृष्टि फर्कन नसक्ने गरी काम नलाग्ने भएमा,

(ङ) पुन : श्रवणशक्ति नफर्कने गरी दुवै कान नसुन्ने भएमा ।

(च) पुन : बोली नफर्कने गरी बोल्न नसक्ने भएमा ।

बिमकले बीमाङ्कको ५० प्रतिशत अर्थात तीन लाख ५० हजार रुपैया प्राप्त गर्ने ।

(क) एउटा आँखा पुन : दृष्टि फर्कन नसक्ने गरी काम नलाग्ने भएमा ।

(ख) पुन : श्रवणशक्ति नफर्कन गरी एउटा कान नसुन्ने भएमा

## स्थायी आँशिक अशक्त भएमा

बीमा गरिएको अवधिभित्र पत्रकार देहाय बमोजिमको अवस्थाको दुर्घटनामा परेमा बीमितलाई स्थायी आँशिक अशक्त भएको मानिनेछ र बीमकले बीमाङ्कको ५० प्रतिशत अर्थात तीन लाख ५० हजार रुपैया प्राप्त गर्नेछ ।

(क) कुनै एउटा हातको कुहिनोदेखि तल पूरै भाग काम नलाग्ने भएमा ।

(ख) कुनै एउटा हातको नाडीदेखि तल पूरै भाग काम नलाग्ने भएमा ।

(ग) कुनै एउटा खुट्टाको घुँडादेखि तल पूरै भाग काम नलाग्ने भएमा ।

(घ) कुनै एउटा खुट्टाको गोलीगाँठोदेखि तल पूरै भाग काम नलाग्ने भएमा ।

बीमा गरिएको अवधिभित्र पत्रकार देहाय बमोजिमको अवस्थाको स्थायी आँशिक अशक्त भएमा बीमकले बीमाङकको २० प्रतिशत अर्थात एक लाख ४० हजार रुपैया प्राप्त गर्नेछ ।

(क) कुनै एउटा बुढी औला वा चोरी औला काम नलाग्ने भएमा ।

(ख) दुर्घटनाको कारणले स्मरणशक्ति हराएमा ।

बीमा गरिएको अवधिभित्र पत्रकार देहाय बमोजिमको अवस्थाको स्थायी आँशिक अशक्त भएमा बीमकले बीमाङकको १० प्रतिशत अर्थात ७० हजार रुपैया प्राप्त गर्नेछ ।

औषधी उपचार खर्च ः दुर्घटनाको कारणबाट बीमितलाई औषधी उपचार गर्दा खर्च भएमा बीमकले एक लाख रुपैयासम्मको रकम बिल भरपाई अनुसार शोधभर्ना प्राप्त गर्नेछ ।

नोट : पहिलो चरणमा तीन सय ६० जना पत्रकारको सामूहिक दुर्घटना बिमा गरिएको छ । नविकरण हुने क्रमसँगै अर्को चरणमा पनि बीमा गरिनेछ ।